# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

## प्रधान कार्यालय काठमाडौं

## सतहमार्गबाट खाद्यवस्तु ढुवानीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

## पाँचौ पटक प्रकाशित मिति २०८०/०१/०९

यस कम्पनीबाट आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार विभिन्न स्थानहरुमा सतहमार्गबाट खाद्यवस्तु ढुवानी गर्नु पर्ने भएकोले PAN मा दर्ता भएका, ईच्छुक ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीलाई यस कम्पनीको वेभसाइटमा मिति २०८०/०१/०९ गते स्थलमार्गबाट खाद्यान्न ढुवानी सम्बन्धि पाचौ पटक प्रकाशित सूचनाको शर्तहरु लागु हुने गरी यो सूचना प्रकाशित गरिएको छ। ढुवानी गर्नु पर्ने सेक्टरहरु, बोलपत्र दस्तुर, धरौटी रकम, ढुवानी हुने मोटामोटी परिमाण, बोलपत्र खरिद गर्ने तथा बुझाउने कार्यालय, समय र अन्य विस्तृत जानकारीको लागि कम्पनीको प्रधान कार्यालय तथा सम्बन्धित कार्यालयको सूचना पाटी र कम्पनीको वेवसाइट **WWW.fmtc.org.np** मा समेत हेर्न सकिने गरी यो १५ दिने पाँचौ पटकको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। अन्य कुरा बुझ्न परेमा कम्पनीको सम्बन्धित कार्यालयमा र प्रधान कार्यालय खरिद विभाग(एकाई)मा सम्पर्क राख्न सूचित गरिन्छ।

**खरिद विभाग (खरिद एकाई), प्रधान कार्यालय, काठमाडौं, फोन नं. ०१-४२५५८६५, Email:-kharidekaifmtcl@gmail.com/ Website WWW.fmtc.org.np**

# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

## प्रधान कार्यालय काठमाडौ

### सतहमार्गबाट खाद्यवस्तु ढुवानीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

**पाँचौ पटक प्रकाशित मितिः २०८०।०१।०९**

यस कम्पनीको तर्फबाट आर्थिक वर्ष २०७९।०८० मा राज्यभरका विभिन्न स्थानहरुमा सतहमार्गबाट खाद्यबस्तु ढुवानी गर्नु पर्ने भएकोले PAN मा दर्ता भएका, ईच्छुक ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रहने गरी गोप्य शिलवन्दी बोलपत्र आव्हान गरिएको छ।

१. कम्पनीको तोकिएको कार्यालयबाट पछि फिर्ता नहुने गरी तोकिएको दस्तुर बुझाई बोलपत्र फाराम, बोलपत्र सम्बन्धी कागजात तथा बोलपत्रदाताले पालना गर्नु पर्ने शर्तहरुको बिबरण, सो सम्बन्धी जानकारी र सम्झौता पत्रको नमूना संलग्न गरिएको वोलपत्र कागजात सेट मिति २०८०।०१।२४ गते सम्ममा खरिद गर्न सकिने छ र सोही बोलपत्र फाराम भरी पेश गर्नु पर्नेछ।वोलपत्र कागजात खरिद गर्न निवेदन,फर्म रजिष्ट्रेशन प्रमाणपत्र, PAN दर्ता प्रमाणपत्र र आ.व. २०७८।०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

२. एउटै बोलपत्रदाताले कुनै एक वा सो भन्दा बढी सेक्टरहरुमा खाद्यबस्तु ढुवानीको लागि बोलपत्र दिन सक्नेछ। तर जति वटा सेक्टरको लागि बोलपत्र पेश गर्ने हो, ती सेक्टरहरुको लागि बेग्ला बेग्लै बोलपत्र फाराम भरी पेश गर्नु पर्नेछ र तोकिए बमोजिम बेग्ला बेग्लै धरौटी, बैंक जमानत राख्नु पर्नेछ

३. बोलपत्रदाताले बोलपत्रसाथ धरौटी वापत तोकिएको रकम यस कम्पनीको प्रधान कार्यालय काठमाडौंको नेपाल बैंक लिमिटेड धर्मपथ काठमाडौंको चल्ती खाता नं. ००२००१००५०२४२४००००१ को खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा कम्पनीमा नगद जम्मा गरेको नगदी रसिद बोलपत्रसाथ पेश गर्नु पर्नेछ।बोलपत्रदाताले विड बण्डको लागि धरौटी वापत बैंक जमानी राख्न चाहेमा बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन सम्मको बैंक जमानी राख्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताले नियमानुसार धरौटी बापत नगद जम्मा गरी वा २०८० साल पौष मसान्त सम्म अवधि रहेको "क" बर्गको बाणिज्य बैंकवाट जारी भएको बैंक जमानत पेश गरी सम्झौता गर्नु पर्ने छ।बोलपत्र स्विकृतिको सूचना पत्रिकामा प्रकाशित मितिले १५ दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र साथ पेश गरेको धरौटी, बैंक जमानत जफत हुनेछ।

४. कम्पनीको डिपो कार्यालय संचालनमा नरहेको स्थानमा वा डिपोमा कर्मचारी नभएको स्थानमा वा अस्थायी विक्री केन्द्रमा ढुवानीको लागि पटक पटक गरी बुझ्ने खाद्यान्नको प्राप्त गर्ने कार्यालयको निर्धारित बिक्री मूल्यले हुने रकम चलान गर्ने कार्यालय वा प्राप्त गर्ने कार्यालयको जिल्ला स्थित कम्पनीको कार्यालयमा ढुवानीकर्ताले अग्रिम रुपमा जम्मा गरी खाद्यान्न जिम्मा लिनु पर्नेछ । यसरी ढुवानी गरी तोकिएको स्थानमा पुर्‍याए पछि सम्बन्धित पालिकाको समन्वय र रोहवरमा खाद्यान्न प्राप्त गरी विक्री गरेको मुचुल्का, भरपाई, आदि कागजात तयार गरी यस कम्पनीको कार्यालयमा पेश गर्नु पर्नेछ।

५. बोलपत्रदाताले PAN दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को कर चुक्ताको प्रमाणपत्र, फर्म वा कम्पनी रजिष्ट्रेशनको प्रमाणपत्रको प्रतिलिपी, घोषणापत्र र तोकिए बमोजिमको नगद धरौटी वा बैंक जमानत सहितका कागजातहरु संलग्न गर्नु पर्नेछ र बोलपत्रको खाम बाहिर "खाद्यबस्तु ढुवानीको बोलपत्र" भन्ने उल्लेख हुनको साथै ढुवानीको सेक्टर समेत उल्लेख गरी बोलपत्रदाताको पूरा नाम, थर, ठेगाना स्पष्ट लेखिएको हुनु पर्नेछ।

६. बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रीतपूर्वक सहि छाप तथा शिलबन्दी गरी मिति २०८०।०१।२५ गतेका दिन दिउंसो १२ः ०० बजे भित्र तोकिएको कार्यालयमा बोलपत्र बुझाई सक्नु पर्नेछ।

७. बोलपत्र बुझाएको कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधि समेतको उपस्थितिमा सोही मिति २०८०।०१।२५ गते अपरान्ह २:०० बजे बोलपत्र खोलिने छ। तर, बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्ने कार्यमा कुनै वाधा हुने छैन।

८. बोलपत्र खरिद गर्ने वा पेश गर्ने अन्तिम दिन बिदा परेमा सोहि अनुरुप बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोलिने दिन पछि सर्नेछ ।

९. आवश्यकता अनुसार ढुवानी सेक्टर, परिमाण थपघट हुन सक्नेछ। अन्य कुरा बुझ्न परेमा कम्पनीको सम्बन्धित कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१०. यो सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावलि २०६४ र यस कम्पनीको विनियमावली अनुसार हुनेछ ।

**खाद्यवस्तु ढुवानी गर्नुपर्ने सेक्टर, मोटामोटी परिमाण, धरौटी रकम र बोलपत्र दस्तुर आदि तपशिल बमोजिम रहेको छ।**

| क्र.सं. | जिल्ला | क्र.सं. | खाद्यान्न ढुवानी सेक्टर | | बोलपत्र खरिद गर्ने कार्यालय | बोलपत्र बुझाउने कार्यालय | आ.व. ०७९/०८० ढुवानी हुने मोटा मोटी परिमाण क्वी.मा | ढुवानी भाडा रु. | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. | बाटो को म्याद (दिन) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | | | | | | |
| १ | भोजपुर | १ | विराटनगर | हतुवा वि.के. | विराटनगर/ भोजपुर | विराटनगर | ३०० | १९३२०० | ५००० | १००० | ७ |
| २ | सोलुखुम्बु | १ | लहान | खुम्जुङ्ग वि.के. | लहान/ सोलुखुम्बु | लहान | ७०० | ३०८०००० | ८१००० | ३००० | १२ |
| ३ | रुकुम (पश्चिम) | १ | नेपालगंज | चौरजहारी | नेपालगंज /मुसिकोट | नेपालगंज | ५०० | ३६३००० | ९५०० | १००० | १० |
| ४ | | १ | जाजरकोट | नलगांड बि.के. | जाजरकोट /सुर्खेत | जाजरकोट | ५०० | ३११००० | ८२०० | १००० | ४ |
| ५ | जाजरकोट | २ | जाजरकोट | घरंगा कुशे वि.के. | जाजरकोट /सुर्खेत | जाजरकोट | ५०० | ४५९५०० | १२००० | १००० | ७ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सुर्खेत | १ | महेन्द्रनगर | सुर्खेत | महेन्द्रनगर /सुर्खेत | महेन्द्रनगर | २५०० | १००५००० | २६५०० | १००० | ४ |
| ७ | मुगु | १ | सुर्खेत | पुलु डिपो | सुर्खेत/ मुगु | सुर्खेत | १००० | २५९६००० | ६८३०० | ३००० | १५ |
| ८ | डोल्पा | १ | नेपालगंज | लिकु डिपो | नेपालगंज /डोल्पा | नेपालगंज | १००० | १५७३००० | ४१५०० | १००० | २० |
| ९ | | १ | प्रा.का. काठमाण्डौ | हुम्ला स.मु. | प्रा.का. काठमाण्डौ /हुम्ला | प्रा.का. काठमाण्डौ | ३००० | २४७५०००० | ६५१००० | ५००० | ६० |
| १० | | २ | प्रा.का. काठमाण्डौ | यलवाङ्ग वि.के. | प्रा.का. काठमाण्डौ /हुम्ला | प्रा.का. काठमाण्डौ | १००० | ४९५०००० | १३०००० | ३००० | ५० |
| ११ | हुम्ला | ३ | प्रा.का. काठमाण्डौ | लिमी वि.के. | प्रा.का. काठमाण्डौ /हुम्ला | प्रा.का. काठमाण्डौ | ५०० | २४७५००० | ६५००० | ३००० | ५० |
| १२ | अछाम | १ | धनगढी | विनायक वि.के. | धनगढी/ मंगलसेन | धनगढी | २५० | ३१७७५० | ८३०० | १००० | ७ |
| १३ | बैतडी | १ | धनगढी | गोठालापानी वि.के. | धनगगढी/ महेन्द्रनगर | धनगढी | ५०० | ५०३५०० | १३२०० | १००० | १२ |
| १४ | | २ | धनगढी | मेलौली बैतडी | धनगढी/ महेन्द्रनगर | धनगढी | १००० | ७३७००० | १९५०० | १००० | १० |

**नोटः- रसुवा जिल्लाको केरुङ नाका भएर तिब्बत मार्ग प्रयोग गरी प्रादेशिक कार्यालय काठमाडौं देखि हुम्ला को माथि उल्लेखित सेक्टरमा खाद्यान्न ढुवानी गर्नु पर्ने।**

**खरिद विभाग (खरिद एकाई), प्रधान कार्यालय, काठमाडौं, फोन नं. ०१-४२५५८६५, Email:-kharidekaifmtcl@gmail.com/ Website WWW.fmtc.org.np**